# धुनिवेशी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
खानीखोला, धादिङ,
बागमती प्रदेश, नेपाल

## सामुदायिक विद्यालयहरुको आ.ब. २०७९/०८० को लेखापरीक्षण सम्वन्धी शिलवन्दी दरभाउ पत्र आव्हानको सूचना ।

प्रथम पटक प्रकाशित मितिः- २०८०/०८/१८

यस नगरपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयहरुको आ.व. २०७९/०८० सम्मको लेखा परीक्षण सम्पन्न गर्नका लागि नेपाल चार्टर्ड एकाउन्टेन्टस् (आईसिएएन) संस्थामा सूचिकृत परीक्षकहरुले तपसिल वमोजिमको शर्त र सिमामा रही यो सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२ वजे भित्र शिलवन्दी दरभाउ पत्र यस नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्न पर्नेछ।पेश भएका शिलवन्दी दरभाउ पत्र त्यसै दिनको २ बजे नगरपालिकामा खोलिनेछ।

तपसिलः-

१. नगरपालिका भित्रका इ.सि.डि सहितका ३५ वटा विद्यालयको लेखापरीक्षण गरे बापत नगरपालिकाले जम्मा रु ३,८९,८५०.००(भ्याट सहित) व्यहोर्ने छ।
२. फर्म दर्ता शुल्क बापत रु.१,०००.०० (एक हजार) नगरपालिकाको राजश्व खाता (१०८०१००३०१०१०००३) मा र धरौटी बापतको रु. १०,०००.०० (दश हजार) नगरपालिकाको धरौटी खाता (१०८०१००३०३००००००३) जम्मा गर्नुपर्नेछ।
३. आई क्यानबाट फर्म दर्ताको प्रमाण पत्र।
४. आई क्यानबाट आ.ब.२०७९/०८० सम्मको फर्म नविकरण प्रमाणपत्र।
५. आयकर दर्ताको प्रमाणपत्र।
६. आ.ब. ७९/८० सम्मको आयकर चुक्ताको प्रमाणपत्र।
७. आवश्यक कागजात नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाबाट उपलव्ध हुने छ।
८. शिलवन्दी दरभाउपत्र फारम भर्दा कबोल रकम अंक र अक्षर दुवैमा खुलाउनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिईनेछ। सारभुत रुपमा प्रभावग्राही र सबैभन्दा कम रकम कबोल गर्ने प्रस्तावदाताको कवोल अंकको वोलपत्र स्वीकृत गरिनेछ।